*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. VII, January 2026
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli, Nepal

**Article History**: ***Received:*** 30 June 2025; ***Reviewed:*** 30 November 2025; ***Accepted:*** 01 December 2025

# भाषा शिक्षण सिकाइमा भाषेतर सङ्केतको उपयोग

**डा. लक्ष्मीप्रसाद आचार्य**
मध्यपश्चिम विश्वविद्यालय, नेपाली शिक्षा केन्द्रीय विभाग
ORCiD: https://orcid.org/0009-0002-7116-0135
Email: acharya111laxmi@gmail.com
DOI: https://doi.org/10.3126/sij.v7i1.92563

## सार

प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षण सिकाइमा लिखित र मौखिक रूपमा प्रयोग गरिने भाषेतर सङ्केतबारे अध्ययन गरिएको छ। नेपाली भाषा शिक्षण सिकाइमा भाषेतर सङ्केतको उपयोग र तिनको प्रभावको विश्लेषण गर्ने उद्देश्यमा आधारित यस लेखमा नेपाली भाषा कक्षालाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ। माध्यमिक तहका चारओटा कक्षाको अवलोकन र चारजना शिक्षकसँगको अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कलाई अभिलेखीकरणका चरणवद्ध प्रक्रिया अपनाई विश्लेषण गरिएको छ । अध्ययन गरिएका कक्षामा भाषेतर सङ्केतका लागि हात र पाखुराको उपयोगका आधारमा विभिन्न हाउभाउ, मुखमुद्रा, अनुहारको रङ्ग, आँखाको चालजस्ता गतिविधि सञ्चालनमा ल्याइएको छ । शिक्षकहरूले प्रभावकारी भाषिक सम्प्रेषणका लागि भाषेतर सङ्केतको प्रयोग गरिने धारणा राखेका छन् । कक्षाकोठामा सकारात्मक वातावरण निर्माण गर्न, सहभागीहरूका बिच आपसी सम्बन्ध कायम गर्न, विद्यार्थीलाई सिकाइमा केन्द्रित गर्न, कार्यकलापमा निरन्तरता र जोड दिन, कक्षामा नियन्त्रण, निर्देशन तथा उत्प्रेरणा प्रदान गर्न, र संस्कृति तथा सन्देशको आदानप्रदान गर्नका लागि भाषेतर सङ्केतको उपयोग गरिएको छ । भाषा शिक्षण सिकाइमा भाषेतर सङ्केतहरूको प्रयोगमा शिक्षक र विद्यार्थीका बिच उच्च सम्झौता कायम हुनुपर्ने, आपसमा प्रयोग गरिएका सङ्केतको अर्थबारे दुवै पक्ष प्रस्ट हुन आवश्यक देखिएको छ । भाषिक व्यवहारमा भाषेत्तर पक्षको प्रयोग कौशलको विकासका लागि तिनको सामाजिक सांस्कृतिक सम्प्रेषणमा स्पष्ट रही यथेष्ट र प्रभावकारी प्रयोग गर्ने परिपाटीको विकासमा यस अध्ययनका निष्कर्ष उपयोगी बन्ने अपेक्षा राखिएको छ ।
***शब्दकुञ्जी*** : उत्प्रेरणा, भाषेतर, मनोवृत्ति, सङ्केत आवृत्ति, सम्प्रेषण

## पृष्ठभूमि

भाषा शिक्षण सिकाइका क्रममा शिक्षक विद्यार्थीका बिच भाषिक, भाषेतर, मौखिक, लिखितजस्ता विभिन्न भाषिक व्यवहार गरिन्छन् । कक्षामा अभ्यास गराउँदा, विषयवस्तुबारे प्रस्ट्याउँदा, निर्देशन दिँदा, नियन्त्रण गर्दाजस्ता कार्यकलापका क्रममा मौखिक बोली, इसारा तथा लिखित सङ्केतहरूलाई प्रयोगमा

*Copyright 2026 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

ल्याइन्छन् । अन्तरक्रियाको प्रमुख आधार मौखिक भाषा भए तापनि यसक्रममा साङ्केतिक पक्षको उत्तिकै भूमिका र प्रभाव रहन्छ । कक्षामा शिक्षकले हात र टाउकाको इसाराबाट विद्यार्थीलाई हो, होइन, खै, उठ, बस, हुन्नजस्ता सम्प्रेषणका लागि सङ्केतहरूको प्रयोग गरेका हुन्छन् । विद्यार्थीले अनुमति, स्वीकृति, जिज्ञासाका लागि हात उठाउने, शिर निहुऱ्याउने, मौन रहनेजस्ता शारीरिक क्रियाहरू गर्दछन् । उद्देश्यपूर्ण होस् वा नहोस् भाषिक व्यवहारमा सहभागीहरूले मौखिक अभिव्यक्तिसँगै प्रयोग गर्ने हातको चाल, टाउको, अनुहारको आकृति, शारीरिक मुद्रा, इसाराजस्ता भाषेतर सङ्केतबाट (नेगी, सन् २००९) आपसी सम्प्रेषण गर्दछन् । अभिव्यक्तिसँग मानवीय संवेदनालाई जोडेर अन्तरक्रिया गर्न यस प्रकारका भाषेतर क्रियाको भूमिका र प्रभाव उच्च रहन्छ । अध्ययनहरूले व्यक्तिका भावना र मनोवृत्तिसँग सम्बन्धित ७ प्रतिशत सन्देश मौखिक रूपमा र ९३ प्रतिशत भाषेतर सङ्केतका रूपमा व्यक्त हुने (मेहराबियन, सन् १९७२) निष्कर्ष प्रस्तुत गरेका छन् । भाषा सिकाइका क्रममा यस किसिमका भाषिक र भाषेतर क्रियाहरू योजनाबद्ध वा आकस्मिक गरिन्छ । ती सङ्केतहरूको प्रयोग प्रयोक्ताले जान वा अन्जान दुवै रूपमा हुन सक्छ । यस किसिमका साङ्केतिक भाषेतर पक्षको उपयोग गर्ने परिपाटीको विश्लेषण गर्नमा केन्द्रित छ । यस अध्ययनमा भाषा सिकाइ प्रक्रियाअन्तर्गत कक्षाकार्यकलापका क्रममा शिक्षक विद्यार्थीले गर्ने साङ्केतिक भाषिक व्यवहारलाई केलाएको छ । यसबाट साङ्केतिक भाषेतर व्यवहार शिक्षक तथा विद्यार्थी दुवै पक्षका लागि प्रस्ट भए नभएको, तिनले सम्प्रेषणमा सहजता कायम गरे नगरेको पहिल्याइएको छ ।

भाषेतर सङ्केत कक्षाकार्यकलापको मुख्य अङ्ग भएकाले यिनको अध्ययन गर्न आवश्यक मानिन्छ । यसबाट भाषा सिकाइका क्रममा गरिने आपसी संवादलाई भावात्मक र थप प्रभावकारी बनाउने उपायको खोजी गर्न सकिन्छ । भाषिक व्यवहारको क्रममा गरिएका इसारा वा भाषेतर सङ्केतहरूले कथनमा निहित सम्प्रेषणलाई समर्थन गर्ने, बलियो बनाउने र थप स्पष्ट पार्ने (चर्च, केली र लिन्च, सन् २००० कुक र टेनेनहाउस, सन् २००९) भएकाले यिनलाई भाषा शिक्षण सिकाइका मुख्य आधार मानिन्छ । यिनले अर्थ, भाषा र विचार/ धारणाजस्ता तीनओटा पक्षसँग केन्द्रित (ब्लुमर, सन् १९६९) सम्प्रेषणको कार्य गर्दछन् । कसैले वास्तवमा के भन्न खोजिरहेको छ भन्ने कुरामा प्रस्ट हुनाका लागि यस्ता सङ्केतहरू महत्वपूर्ण रहन्छन् ( अफदालिया, सन् २०२२) । कक्षा कार्यकलापका सन्दर्भमा बोल्ने र लेख्ने क्रममा लाग्ने समयका तुलनामा यिनको प्रयोगमा निकै कम समय लाग्ने गर्दछ । अभिव्यक्तिमा भावात्मक अर्थ प्रकट गर्न यस प्रकारका सङ्केतको स्थान र भूमिका उच्च रहन्छ । भाषेतर सङ्केतबाट प्रभावकारी सम्प्रेषण सम्भव हुन्छ । यसका लागि प्रयोग गरिने सङ्केत तथा चिह्नसँग सहभागीहरू चिरपरिचित हुन आवश्यक छ । यसमा समुदाय, सङ्केत, अर्थको निर्माण, दृष्टिकोणको विकास, एकआपसमा सञ्चारजस्ता प्रक्रिया लागु हुन्छन् । साङ्केतिक सञ्चारको राम्रो बुझाइले जीवनको गुणस्तर बढाउनाका साथै अरूसँग अधिक समझदारी, सहानभूति, समवेदना र करुणाका साथ सम्बन्ध राख्ने सक्षमता प्रदान गर्छ (क्यालेरो, सन् २००५) । शिक्षकहरूले कक्षाकोठामा विद्यार्थीसँग नजिकबाट कुराकानी गर्ने, मुस्कुराउने, आँखाको चाल, इसाराको प्रयोग गर्नेजस्ता साङ्केतिक भाषेतर व्यवहारबाट विद्यार्थीहरू बढी सन्तुष्ट हुने र बढी सिक्ने अवस्था सिर्जना हुन्छ (विट र ह्विलेस, सन् १९९९) । सङ्केतहरू आपसी सञ्चारका आधारभूत तत्व (अल्डर र रडम्यान, सन् २००६) पनि हुन् । यी हात र पाखुरा, टाउको वा सम्पूर्ण शरीरबाट गरिने सम्प्रेषण कार्य (बङ्लोवाला र बङ्लोवाला, सन् २०१५) का रूपमा रहन्छन् । मौखिक प्रस्तुतिलाई सफल बनाउन, सिकाइका लागि विद्यार्थीलाई उत्प्रेरित गर्न र शिक्षण सिकाइ लक्ष्य हासिल गर्न यस्ता सङ्केतहरू पूरक आधार बन्दछन् (कुसनगी, सन् २००५) । कतिपय भाषेतर सङ्केतको अर्थ सहभागीहरूका सामाजिक सांस्कृतिक पृष्ठभूमिका आधारमा अर्थिने गर्दछन् । सामाजिक सांस्कृतिक पक्ष तथा परिवेशका आधारमा अर्थिने भाषेतर सङ्केत भाषा शिक्षण सिकाइका दृष्टिले उपयोगी रहन्छन् । उल्लिखित विशेषता भएका भाषेतर सङ्केतको विश्लेषणमा यो अध्ययन केन्द्रित रहेको छ ।

साङ्केतिक अन्तरक्रिया लागि आपसी सम्बन्धको स्तर बलियो र वातावरण उपयुक्त हुनुपर्छ । शिक्षक र विद्यार्थीका बिच आपसी सम्बन्ध सकारात्मक भावनात्मक भएको खण्डमा यसको प्रयोग गर्न सम्भव हुन्छ । हल्लाखल्ला, सहभागीले देख्न नसक्ने प्रकृतिको बसाइ, प्रकाशको कमी, असहज वातावरण भएमा यस किसिमका सङ्केतहरू नदेखिने अवस्था रहन्छ । प्रयोग गरेका सङ्केतलाई नै नदेख्ने अवस्थामा सम्प्रेषण हुन सक्दैन । शिक्षकले कक्षाकार्यकलाप सञ्चालन गर्ने क्रममा सामग्रीको व्याख्या गर्न लाक्षणिक स्रोतहरूको प्रयोग गर्दछन् । तिनीहरूको सक्रिय उपयोगका आधारमा सिकाउन र सिकाइलाई प्रभाव पार्ने विशिष्ट धारणासँग जोड्छन् । अध्ययनका क्रममा शिक्षक विद्यार्थी बिचको आपसी सम्बन्ध, कक्षा वातावरणअनुसार साङ्केतिक भाषिक व्यवहारलाई विश्लेष्य विषय बनाउन आवश्यक मानिएको छ ।

यस अध्ययनमा भाषा सिकाइमा साङ्केतिक अन्तरक्रियाको प्रयोगलाई मुख्य अध्ययनीय विषय बनाइएको छ । यसमा नेपाली भाषा शिक्षण सिकाइमा भाषेतर सङ्केतको उपयोग र तिनको प्रभावको विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यसमा कक्षामा शिक्षक विद्यार्थीबिच लिखित तथा शारीरिक हाउभाउसहितका भाषेतर सङ्केतको प्रयोग गर्ने तौरतरिका, तिनको आशय, भाषा सिकाइमा तिनको औचित्यको विश्लेषण गरिएको छ । यसबाट कक्षा अन्तरक्रियामा भाषिक पक्षका साथै भाषेतर क्रियाको भूमिका र प्रभावबारे स्पष्ट हुने नतिजा प्राप्त भएको छ । यस अध्ययनका निष्कर्षबाट शिक्षक, विद्यार्थी तथा सम्बन्धित व्यक्तित्वहरूमा नेपाली भाषा शिक्षण सिकाइमा भाषिक व्यवहारसँग भाषेतर सङ्केतको प्रयोग गर्ने सुझबुझ प्राप्त हुने अपेक्षा राखिएको छ ।

## पूर्वकार्यको समीक्षा

शिक्षण सिकाइका क्रममा गरिने भाषेतर सङ्केतका सम्बन्धमा यसपूर्व गरिएका अध्ययनहरूमा आधारित रही तिनको परिचय र प्रभावका सम्बन्धमा यहाँ चर्चा गरिएको छ ।

### भाषेतर सङ्केतको परिचय

मौखिक बोलीभन्दा भिन्न इसारा वा सङ्केतका आधारमा गरिने सम्प्रेषणका उपायलाई भाषेतर सङ्केत भनिन्छ । यिनले बोलीको सहयोगी वा विकल्पमा कार्य गर्दछन् । अलिबाली र अन्य (सन् २०१९) अर्जरिलो र अन्य (सन २००९) / पोज्जर-अर्डेनघी र रोध (सन् २००८) ले कक्षा कार्यकलापमा अर्थ व्यक्त गर्न बोली र लिखित भाषाका अतिरिक्त विविध स्रोतका इसारालाई भाषेतर सङ्केत मानेका छन् । भाषेतर सङ्केतहरू दृश्यात्मक शारीरिक क्रिया हुन् (केन्डन, सन् २००४) । अफदालिया (सन् २०२२) का विचारमा यस्ता सङ्केतहरू बोली निरपेक्ष र बोली सापेक्ष गरी दुई प्रकारमा देखापर्छन् । बोली निरपेक्ष सङ्केतमा मौखिक बोलीलाई सामाजिक रूपमा गरिने इसारामा अनुवाद गरिन्छ । यसक्रममा शब्द वा शब्दावली उपयोगमा ल्याइन्छन् । यिनलाई समग्र सम्प्रेषण गर्न सक्ने किसिमले सङ्क्षिप्तमा प्रस्तुत गरिन्छ । बोलीसापेक्ष सङ्केतमा मौखिक रूपमा भनिएको कुरालाई नै थप जोड दिइन्छ । यिनले उपस्थित वस्तुलाई औँल्याएर विचारको दिशा र मार्ग निर्देशन गर्न सक्छन् । यिनले आपसी अन्तरक्रियात्मक प्रक्रियाको नियमन र सङ्गठन गरी घटनाको लय, गति, सन्दर्भ, स्थानीयता प्रस्ट्याउँछन् । यिनीहरू हाउभाउसहितको साङ्केतिक भाषेतर व्यवहार व्यवस्थापन, निर्देशन, जोड (इनपुट), नियन्त्रण र प्रभाव गरी पाँच कार्यसँग सम्बन्धित (कुसानगी, सन् २००५) रहन्छन् । यसरी अध्येताहरूबाट भाषेतर सङ्केतलाई बोलीको पूरक अर्थमा चिनाइएको छ । यिनलाई बोलीको सहयोगी वा विकल्पका रूपमा चिनाउँदै सम्प्रेषणात्मक कार्यका लागि उपयोगमा ल्याइने उपायका रूपमा प्रस्तुत गरिएको छ ।

### भाषेतर सङ्केतको शैक्षणिक प्रभाव

शिक्षण सिकाइका सन्दर्भमा भाषेतर सङ्केतलाई कक्षा कार्यकलापका सहयोगी मानिन्छ । यिनले भाषेतर सङ्केतले साझा सम्प्रेष्य आधार निर्माण गरेर, विशिष्ट विचारलाई जोडेर ( अलिवाली र अन्य, सन्

२०१४) वा अमूर्त विचारलाई समेत सम्प्रेष्य बनाएर (पारिल र स्टेल, सन् २०१७) सिकाइ प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्दछन् । शिक्षकले विशिष्ट किसिमले प्रयोग गर्ने भाषेतर सङ्केत कक्षा कार्यकलापमा यसोउसो गर्न जनाउने निर्देशन, नियन्त्रण, उत्प्रेरणाका आधार बन्दछन् (अलिबाली र अन्य, २०१३; कुक, यिप र गोल्डिन-मेडो, सन् २०२१; होस्टटर र अन्य, सन् २००६) । कक्षामा शिक्षक विद्यार्थीबाट प्रयोग गरिने सबै सङ्केतप्रति सहभागीलाई जानकारी हुन्छ भन्ने हुँदैन । कतिपय भाषेतर सङ्केत सहभागीका व्यक्तिगत आनीबानीका रूपमा प्रस्तुत भएका हुन्छन् । यस किसिमका अर्थहीन सङ्केतले कक्षा कार्यकलापतर्फ आकर्षित गर्न, कक्षालाई नियन्त्रित गर्न भूमिका खेल्दछन् (गोल्डिन-मेडो, सन् २००३) । साङ्केतिक सञ्चारका आधारका रूपमा भाषेतर व्यवहारहरू अनुहारको भाव, इशाराहरू, पराभाषिकता (जस्तै ठुलो स्वर, आवाजमा भिन्नता), शारीरको चाल, सामीप्यता वा व्यक्तिगत दुरी, आँखाको चाल, स्पर्श, प्रस्तुति, वस्तु तथा चित्रहरू गरी नौ प्रकारमा (मिलर, सन् २०२०) प्रस्तुत हुने भएकाले शिक्षण सिकाइ प्रक्रियामा यिनको भूमिका र महत्त्व उच्च रहेको छ । यिनले मौखिक सम्प्रेषणमा जोड दिने, आपसी अन्तरक्रियालाई नियन्त्रण गर्ने, संवादका क्रममा पालो परिवर्तनका नियमलाई स्थापित गर्ने, मौखिक सन्देशलाई सुदृढ वा पृष्ठपोषण गर्ने, मौखिक बोलीका शब्दहरूको स्थान लिने वा प्रतिस्थापन गर्ने, मौखिक सन्देशका विरोधाभाषलाई उपेक्षा गर्ने (बर्गुन, मानुसोभ र ग्युरेरो, सन् २०२१) जस्ता सम्प्रषेणका विविध कार्य गर्न सक्दछन् । कक्षा कार्यकलापको निर्देशक, नियन्त्रकका साथै सिकाइका लागि वातावरण निर्माण गर्न भाषेतर सङ्केतको भूमिका रहन्छ । विद्यार्थीलाई उद्देश्यमा केन्द्रित सिकाइका लागि अवसर र निरन्तर उत्प्रेरित गर्न समेत भाषेतर सङ्केतको स्थान उच्च देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक ढाँचा अन्तर्गत वर्णनात्मक विधिको उपयोग गरिएको छ । यसमा अवलोकन र अन्तर्वार्ताका माध्यमबाट अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि सुर्खेत जिल्लाका लेकबेँसी, गुर्भाकोट, भेरीगङ्गा र वीरेन्द्रनगर नगरपालिकालाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ । ती चारओटा स्थानीय क्षेत्रका एकएक जना शिक्षकलाई उद्देश्यमूलक विधिका आधारमा सहभागीका रूपमा छानिएको छ । शिक्षकहरूमध्ये दुईजना महिला, एकजना जनजाति शिक्षकको प्रतिनिधित्व गराइएको छ। प्रत्येक शिक्षकका एकएकओटा कक्षाको प्रत्यक्ष अवलोकन र उनीहरूसँग एकएक पटक अन्तर्वार्ता लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। यसरी सङ्कलित तथ्याङ्कलाई तिनको प्रकृतिअनुसार फरक फरक पद्धति अपनाई विश्लेषण गरी नतिजा पहिल्याइएको छ। अवलोकनका क्रममा अडियो भिडियो रेकर्डका साथै क्षेत्र पुस्तिकामा समेत टिपिएको छ । तिनको पटकपटक अध्ययन गरी निर्धारित सूचकका आधारमा भाषेतर सङ्केत र तिनको आवृत्तिलाई पहिल्याइएको छ । अन्तर्वार्ताको क्रममा श्रव्य रेकर्ड गरिएको छ । त्यसलाई पटकपटक श्रवण गरी अभिलेखन, सारांश पहिचान, कोड निर्धारण, तिनको समूहीकरण र सार ( थिम) पहिचानको प्रक्रिया चरणबद्ध अपनाई विश्लेषण गरिएको छ। विश्लेषणबाट प्राप्त नतिजालाई तालिका, शब्दचित्र र अनुच्छेदमा प्रस्तुत गरिएको छ । यसक्रममा उदाहरण, सन्दर्भ तथा साक्ष्यहरू प्रस्तुत गर्दा कक्षाकोठाका कार्यकलापलाई कक्षा$_{१}$, कक्षा$_{२}$, ... कक्षा$_{४}$ र शिक्षकका धारणालाई जस्ताको तस्तै राख्ने क्रममा शि$_{क}$, शि$_{ख}$, .. शि$_{घ}$ गरी जनाइएको छ । तथ्याङ्क विश्लेषणबाट प्राप्त नजितालाई विद्वान्हरूका धारणा, पूर्वअध्ययनका निष्कर्ष र सैद्धान्तिक मापदण्डका आधारमा छलफलको आयोजना गरी निष्कर्ष निकालिएको छ । उल्लिखित प्रक्रियाको सावधानीपूर्वक पालना गरी अध्ययनलाई विश्वसनीय र वैध बनाइएको छ ।

## व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षण सिकाइमा भाषेतर सङ्केतहरू प्रयोग र तिनको प्रभाव पहिल्याउनका लागि कक्षा अवलोकन र अन्तर्वार्ताबाट प्राप्त सामग्री विश्लेषणको नतिजा यसप्रकार छ :

## भाषेतर सङ्केतको प्रयोग

कक्षा कार्यकलापको क्रममा शिक्षक र विद्यार्थीका बिच भाषिक व्यवहारका क्रममा भाषेतर सङ्केतहरूको पनि प्रयोग भएको छ । ती सङ्केतहरूका किसिम, तिनका आवृत्ति र सम्प्रेषणका कार्यलाई भिन्नभिन्न राखी अध्ययन गरिएको छ ।

### *शिक्षकले प्रयोग गरेका सङ्केत*

कक्षा अवलोकनका क्रममा शिक्षकले विद्यार्थीलाई निर्देशन, नियन्त्रण, उत्प्रेरणाजस्ता उद्देश्यका लागि भाषेतर सङ्केतहरूको प्रयोग गरेका छन् । यस अध्ययनमा भाषिक सम्प्रेषणका लागि शिक्षकबाट प्रयोगमा ल्याइएका भाषेतर सङ्केतहरूको टिपोट र तिनको आवृत्तिको गणना गरिएको छ । यस्ता सङ्केतहरू शारीरिक हाउभाउ र शिक्षण पाटी, मार्कर, कलमजस्ता शिक्षण सामग्रीका आधारमा व्यक्त भएका छन् । यी भाषेतर सङ्केतमध्ये कतिपय सङ्केतहरूको विद्यार्थीबाट पालना गरिएको छैन । भाषिक सङ्केतहरू एकल, संयुक्त, मिश्रित सबै प्रकृतिका छन् । भाषेतर सङ्केतको विवरण यसप्रकार छ :

**तालिका १**

*शिक्षकले प्रयोग गरेका सङ्केत र कार्य*

| सङ्केतका किसिम | सङ्केतको उद्देश्य | सम्प्रेषण |
|---|---|---|
| हातबाट विभिन्न सङ्केतहरू गर्नु | उठ, बस, बाहिर जाऊ, भित्र आऊ, यता/उता सर, जोडसँग/विस्तारै बोल, गर/नगर, हो/होइन, भयो/भएन, फेरि, कार्यमा निरन्तरता देऊ भन्ने जनाउन । | नियन्त्रण, नियन्त्रण, जोड |
| दुवै वा एक हत्केला तलमाथि बनाउनु | कक्षा प्रवेश गरेको समयमा सम्मान जनाउन उठेका विद्यार्थीलाई बसाल्न । | निर्देशन |
| सबैतिर आँखा दौडाउनु | आपसमा खासखुस गरिरहेका विद्यार्थीलाई शान्त बनाउन । | नियन्त्रण |
| शिक्षण पाटी वा डेक्समा डस्टर /मार्कर ठोकाउनु | विद्यार्थीलाई आफूतिर आकर्षण गर्न । विषयान्तर भएको स्थितिलाई रोक्न । | जोड |
| चोर औँला कुनै खास वा सबै विद्यार्थीतिर औल्याउनु | मौखिक निर्देशनलाई थप सशक्त बनाउन । खास विद्यार्थीलाई विशेष सावधानी गराउन । | जोड |
| आँखाको भित्रीभाग दायाँबायाँ पार्नु, आँखा तर्नु, | विद्यार्थीलाई आफूतिर केन्द्रित गराउन, कक्षाका विद्यार्थी सबैतिर नियन्त्रण कायम गर्न । | जोड |
| टाउको तलमाथि वा दायाँबायाँ हल्लाउनु | स्वीकृति वा अस्वीकृति जनाउन, थप कार्य वा प्रस्तुतिका लागि हौसला दिन । | जोड र नियन्त्रण |
| मुख बिगार्नु | असहमति वा अस्वीकृति जनाउन । | नियन्त्रण |
| ताली बजाउनु | सावधान बनाउन, कार्यमा लाग भनेर जनाउन । | नियन्त्रण |
| निःश्वास वा सुस्केरा हाल्नु | दिक्क मानेको, फेरि पनि गल्ती भएको जनाउन । | असहमति |
| सुल्टो हत्केला देखाउनु | कार्य भयो, पुग्यो भन्ने आशय जनाउन । | मान्यता |
| उल्टो हत्केला देखाउनु | कार्यमा निरन्तरता देऊ भन्ने बुझाउन । | निर्देशन |
| मुख र आँखीभौँ खुम्च्याउनु | असन्तुष्टि वा असहमति जनाउन । | अस्वीकृति |
| चोर औँला ठड्याउनु वा ओठमा लगाउनु | चुप लाग, नबोल, हल्ला नगर भन्ने कुरा बुझाउन । | निर्देशन |

| | | |
|---|---|---|
| बुढी औँला पछाडितर्फ बङ्ग्याउनु | सही, राम्रो, ठिक भयो, प्रतिक्रिया वा उत्तर मन पर्‍यो भन्ने बुझाउन । | समर्थन |
| कानलाई देखाएर चोर औँला देखाउनु | सुन, राम्ररी सुन, मैले सुनिरहेको छु भन्ने बुझाउन । | आदेश |
| टाउकोमा छोएर हात हल्लाउनु | भनेको बुझिएन भनेर सोध्न । | |
| निधार छोएर हात हल्लाउनु | भनेको बुझिएन भनेर सोध्न । | प्रश्न |
| चिउँडो उठाएर छिटो हल्लाउनु | के भनेको वा भन्न खोजेको भनेर सोध्न । | प्रश्न |
| चिउँडो उठाएर ढिलो हल्लाउनु | भनेको सही साथै नयाँ प्रकृतिको छ भनेर बुझाउन | स्वीकृति |
| चोर औँला घुमाउनु | पुनरावृत्ति गर भनेर निर्देशन दिन । | आदेश |

उल्लिखित सङ्केतहरूको प्रयोगका क्रममा आँखाको चाल, अनुहारको रङ्ग वा स्वरूपमा परिवर्तनजस्ता सङ्केत पनि मिश्रित भएका छन् । यसबाट कुनै एक प्रकारको सम्प्रेषणका लागि एकभन्दा बढी शारीरिक सङ्केतहरूको प्रयोग हुने अवस्था सिर्जना भएको छ । एकभन्दा अधिक सङ्केतबाट एउटै सम्प्रेषण गर्ने कार्य पनि भएको छ । एउटै आशयका लागि एउटै शिक्षकले विभिन्न सङ्केतको प्रयोग गरेका छन् । सोही आशय बुझाउन अर्को शिक्षकले फरक किसिमको सङ्केत प्रयोगमा ल्याएका छन् । कतिपय सङ्केतहरू शिक्षक विशिष्ट भई तिनका व्यक्तिगत आनीबानीसँग सम्बन्धित रहेका छन् । यस किसिमका सङ्केतको कुनै अर्थ रहेको देखिँदैन ।

शिक्षकहरूबाट गरिएका सङ्केतहरूको प्रयोगमा सबैभन्दा बढी हातको भूमिका रहेको छ । एउटा हातको प्रयोग अधिक छ भने आवश्यताअनुसार दुईओटा हातको प्रयोग पनि भएको छ । औँलाहरूको प्रयोगमा चोर औँलाको उपयोग सबैभन्दा अधिक छ । यसका साथै अनुहार, आँखा, टाउकोजस्ता अङ्गको चाल, तिनको रूपरङ्ग र स्वरूपको परिवर्तनबाट निर्मित सङ्केतहरू प्रयोग गरिएका छन् । यसक्रममा शिक्षकले सधैँझैँ प्रयोग गर्ने कलम, मार्कर, शिक्षण पाटी, पुस्तक, अभ्यास पुस्तिका, टेबुलजस्ता साधनलाई पनि प्रयोगमा ल्याएका छन् ।

यस अध्ययनमा शिक्षकहरूले प्रयोग गरेका सङ्केतहरूको आवृत्तिगत मात्रालाई समेत गणना गरिएको छ । तिनलाई प्रत्येक शिक्षकअनुसार फरक फरक प्रतिशत निकाली औसत पहिल्याइएको छ ।

**तालिका २**

*शिक्षकले प्रयोग गरेका सङ्केतको आवृत्ति*

| सङ्केतका किसिम | प्रतिशत | | | | |
|---|---|---|---|---|---|
| | शिक्षक$_{क}$ | शिक्षक$_{ख}$ | शिक्षक$_{ग}$ | शिक्षक$_{घ}$ | औसत |
| हातबाट विभिन्न सङ्केतहरू गर्नु | ३१ | ४२ | ३९ | ३९ | ३७.८ |
| दुवै वा एक हत्केला तलमाथि बनाउनु | ३ | ३ | २ | १ | २.३ |
| सबैतिर आँखा दौडाउनु | ११ | ४ | १६ | ९ | १०.० |
| डेक्स वा शिक्षण पाटीमा डस्टर/मार्कर ठोकाउनु | ५ | ९ | २ | ५ | ५.३ |
| चोर औँलाले सबैतिर औल्याउनु | ५ | ० | ५ | ३ | ३.३ |
| आँखाको भित्रीभाग दायाँबायाँ पार्नु, आँखा तर्नु, | ४ | ५ | ३ | ४ | ४.० |
| टाउको तलमाथि वा दायाँबायाँ हल्लाउनु | ९ | ११ | ६ | ७ | ८.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| मुख बिगार्नु | ३ | ५ | ४ | ६ | ४.५ |
| ताली बजाउनु | १ | १ | २ | १ | १.३ |
| सुस्केरा हाल्नु | २ | ० | २ | १ | १.३ |
| सुल्टो हत्केला देखाउनु | १ | १ | ३ | १ | १.४ |
| उल्टो हत्केला देखाउनु | १ | ० | ० | १ | ०.४ |
| मुख गाँठो पार्नु र आँखीभौं खुम्च्याउनु | ३ | ३ | ३ | ५ | ३.८ |
| चोर औंलो ठड्याउनु वा बन्द मुखमा लगाउनु | २ | २ | १ | ३ | २.० |
| बुढी औंला पछाडितर्फ बङ्ग्याउनु | २ | ३ | ० | १ | १.५ |
| कानलाई देखाएर चोर औंला देखाउनु | ३ | १ | १ | २ | १.८ |
| टाउकोमा छोएर हात हल्लाउनु | ३ | १ | २ | १ | १.८ |
| निधार छोएर हात हल्लाउनु | १ | १ | ० | ० | ०.५ |
| चिउँडो उठाएर हल्लाउनु | ६ | २ | ४ | ४ | ४.० |
| चोर औंला घुमाउनु | ४ | ६ | ५ | ६ | ५.३ |
| जम्मा | १०० | १०० | १०० | १०० | १००.० |

माथिको तालिकामा शून्यान्तरण सहितको विवरण प्रस्तुत गरिएको छ । यसमा कक्षा कार्यकलापमा शिक्षकहरूले विद्यार्थीलाई नियन्त्रण, निर्देशन, जोड लगायतका कार्य गर्नका लागि हातबाट गरेका सङ्केतहरूको मात्रा अधिक रहेको छ । यसमध्ये पनि एउटा हातको प्रयोग बढी भएको छ । यसपछि डेस्क वा शिक्षण पाटीमा मार्कर ठोकाएर सङ्केत गर्ने कार्य गरिएको छ । मुख वा अनुहारको भावभङ्गीका आधारमा साङ्केतिक भाषिक कार्यको मात्रा तेस्रो स्थानमा रहेको छ ।

***विद्यार्थीले प्रयोग गरेका सङ्केत***

कक्षा अवलोकनका क्रममा विद्यार्थीले आपसमा र शिक्षकसँग विभिन्न भाषेतर सङ्केतको प्रयोग गरेका छन् । यस अध्ययनमा कक्षा अन्तरक्रियाका क्रममा विद्यार्थीले शिक्षकसँग गरेका सङ्केतहरूको टिपोट गरिएको छ । भाषिका कार्यकलापका बिच विद्यार्थीले गरेका सङ्केत, तिनको प्रयोग गर्नुको उद्देश्य र तिनको सम्प्रेषण विवरण यसप्रकार छ :

**तालिका ३**

*विद्यार्थीले प्रयोग गरेका सङ्केत र कार्य*

| सङ्केतका किसिम | सङ्केतको उद्देश्य | सम्प्रेषण |
|---|---|---|
| हात उठाउनु | प्रश्न सोध्न तथा जिज्ञासा राख्न, अनुमति माग्न । | जिज्ञासा, अनुमति |
| कान छोएर हात हल्लाउनु | सुन्न सकिएन, पुनः भनिदिन अनुरोध गर्न । | अनुरोध |
| हत्केलालाई भित्रतिर मोड्नु | के हो भनेर प्रश्न गर्न । | पुनवृत्ति |
| कलमले हावामा लेख्नु | शिक्षण पाटीमा लेखिदिन अनुरोध गर्न । | अनुरोध |
| कापी उठाएर देखाउनु | लेखेको हेरिदिन अनुरोध गर्न । | अनुरोध, जिज्ञासा |
| टाउको हल्लाउनु | स्वीकार वा अस्वीकारको सम्प्रेषण गर्न । | स्वीकृति, अस्वीकृति |
| मुख बिगार्नु | संशय राख्न, अस्पष्ट भएको जनाउन । | असन्तुष्टि |
| टाउको निहुर्‍याउनु | असहमत भएको जनाउ दिन । | असहमति |

| | | |
|---|---|---|
| हाँस्नु, मुस्कुराउनु | समर्थन, सहमति, सन्तुष्टि जनाउन । | सहमति |
| टाउको कन्याउनु, वाल्ल पर्नु | नजानेको, नसकेको, बुझ्न असफल भएको जनाउन । | संशय |
| आँखा तर्नु वा ठुलो बनाउनु | लेखेको वा प्रस्तुत गरेको कुरामा चासो राख्नु । | उत्सुकता |
| आँखीभौँ खुम्च्याउनु | दिग्दारी जनाउनु | असमति |

यस तालिकामा विद्यार्थीले कक्षाकार्यकलापका क्रममा शिक्षकसँग सम्प्रेषणका लागि गरिएका सङ्केतहरू, ती सङ्केतको उद्देश्य र तिनका सम्प्रेषणलाई प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले हात, टाउको, आँखा, अनुहारजस्ता शारीरिक अङ्ग र कापी, कलमजस्ता साधनको प्रयोग गरी भाषेतर सङ्केतको प्रयोग गरेका छन् । विद्यार्थीका सङ्केतहरूलाई ध्यान दिने, ध्यान नदिने, असन्तुष्ट, उत्साहजनक हुने, तनाव वा डर देखाउने, असहमति वा असन्तुष्टि जनाउने सङ्केत गरी विभिन्न प्रकारमा अध्ययन गर्न उपयुक्त देखिएका छन् ।

विद्यार्थीका भाषेतर सङ्केतलाई गणना गरी तिनको आवृत्तिलाई प्रतिशतमा प्रस्तुत गरिएको छ । तिनको विवरणलाई कक्षागत रूपमा फरक फरक र समग्र गणना यसप्रकार छ :

**तालिका ४**

*विद्यार्थीले प्रयोग गरेका सङ्केतको मात्रा*

| भापेतर सङ्केत | प्रतिशत | | | | |
|---|---|---|---|---|---|
| | कक्षा१ | कक्षा१ | कक्षा३ | कक्षा४ | औसत |
| हात उठाउनु | ३२ | ३१ | ३४ | २९ | ३१.५ |
| कान छोएर हात हल्लाउनु | २ | १ | ३ | २ | २ |
| हत्केला आफूतर्फ मोडेर घुमाउनु | २ | ४ | ५ | ४ | ३.७५ |
| कलमले हावामा लेख्नु | ३ | २ | ३ | ३ | २.७५ |
| कापी वा किताब उठाएर देखाउनु | ४ | ५ | ४ | ९ | ६.२५ |
| टाउको हल्लाउनु | १२ | १३ | ११ | १३ | १२.२५ |
| मुख बिगार्नु | ७ | ८ | ९ | ७ | ८.७५ |
| टाउको निहुर्‍याउनु | ६ | ७ | ७ | ६ | ७.२५ |
| हाँस्नु, मुस्कुराउनु | १४ | १० | ११ | १२ | ९.२५ |
| टाउको कन्याउनु, वाल्ल पर्नु | ८ | ७ | ४ | ६ | ६.२५ |
| आँखा तर्नु वा ठुलो बनाउनु | ६ | ७ | ६ | ५ | ६ |
| आँखीभौँ खुम्च्याउनु | ४ | ५ | ३ | ४ | ४ |
| जम्मा | १०० | १०० | १०० | १०० | १०० |

तालिकामा प्रस्तुत भाषेतर साङ्केतिक व्यवहारको मात्रालाई शून्यान्तर बनाई राखिएको छ । विवरणअनुसार विद्यार्थीले गरेका भाषेतर सम्प्रेषणमध्ये हात उठाएर गरिएका सङ्केतको मात्रा सबैभन्दा अधिक रहेको छ । यसपछि क्रमशः टाउको हल्लाएर र हाँसेर गरिएका अन्तरक्रियात्मक व्यवहार रहेका छन् । कक्षा कार्यकलापका क्रममा छात्र र छात्राहरूका साङ्केतिक सम्प्रेषणमा सामान्य फरक देखिन्छ । भाषिक सङ्केतका लागि छात्राहरूले हातका साथै अनुहार र औँलाको प्रयोग पनि गरेका छन् । यस प्रक्रियामा उनीहरूले हातको

प्रयोगबाट गरेका सङ्केतहरू छात्रहरूका तुलनामा अनुहार नजिक देखिएका छन् । छात्रहरूले भने बढी मात्रामा हातको प्रयोग गरेका छन् । यस क्रममा विद्यार्थीले गरेका सङ्केतलाई सार्वभौम (सबै शिक्षक र विद्यार्थीबाट एउटै सम्प्रेषण), व्यक्तिविशेष (शिक्षक विद्यार्थी फरक सङ्केत तर आपसमा सम्प्रेषण हुने), भावनात्मक (आवेग संवेगसहित सम्प्रेषण) सङ्केत गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिने देखिन्छ ।

शिक्षक र विद्यार्थी दुवै पक्षबाट आपसी सम्प्रेषणका लागि भाषेतर सङ्केतको प्रयोग गरिएको छ । ती सङ्केतहरू भाषिक सामग्री (मौखिक बोली) सँग जोडेर र स्वतन्त्र रूपमा गरी दुई तरिका अपनाइएको छ । यसक्रममा दुवै पक्षबाट हातको र यसमध्ये पनि चोर औँलाको प्रयोग अधिक भएको छ । यसपछि क्रमशः आँखा, मुखमुद्रा प्रयोग भएका छन् । यिनका आधारमा कक्षा कार्यकलाप सञ्चालन गरिएको छ । दुवै पक्षबाट हातका आधारमा गरिएका भाषेतर सङ्केतको मात्रा अधिक रहेको छ । हात र औँलाको चालका आधारमा उठ, बस, बाहिर जाऊ, भित्र आऊ, यता/उता सर, जोडसँग/विस्तारै बोल, गर/नगर, हो/होइन, भयो/भएन, फेरि, कार्यमा निरन्तरता देउ भन्ने सम्प्रेषणात्मक व्यवहार गरिएको छ । कक्षामा विद्यार्थीका तुलनामा शिक्षकबाट यस किसिमका सङ्केतको प्रयोग बढी भएको छ । कक्षा कार्यकलापका क्रममा हातका आधारमा गरिएका सङ्केतहरू यसप्रकार रहेका छन् :



हातका आधारमा गरिएका सङ्केतहरूमध्ये चोर औँलाको प्रयोग अधिक भएको छ । त्यसले निश्चित स्थान, व्यक्ति र कार्यलाई विशिष्टीकृत रूपमा देखाउन र प्रभाव पार्न सकेको पनि देखिन्छ । कक्षा कार्यकलापका क्रममा हातका साथै शरीरका अन्य अङ्गहरूको सँगसँगै प्रयोग गरी भाषेतर सम्प्रेषणको निर्माण भएको छ । यसप्रकारका सङ्केत शिक्षक विद्यार्थी दुवै पक्षबाट उपयोगमा ल्याइएको छ । यसमा हात, मुख, आँखा, कुम, शिर लगायतका अङ्गहरूको प्रयोग भएको छ ।



यस चित्रले नेपाली भाषा शिक्षण सिकाइका क्रममा शिक्षक विद्यार्थीबाट हातसहित शरीरका विभिन्न अङ्गको प्रयोगबाट गरिएका भाषेतर सम्प्रेषणलाई प्रतिनिधिमूलक रूपमा समेटेको छ । कक्षामा उल्लिखित प्रकारका सङ्केतबाट भाषिक सम्प्रेषण भएको छ । यीमध्ये कतिपय भाषेतर सङ्केत मौखिक बोलीका साथ प्रस्तुत भएका छन् । मौखिक बोलीलाई थप प्रभावकारी बनाउन तिनको भूमिका महŒवपूर्ण देखिएको छ ।

**सम्प्रेषणमा भाषेतर सङ्केतको प्रभाव**

नेपाली भाषा शिक्षण सिकाइका लागि शिक्षक विद्यार्थीबिच आपसी सम्प्रेषणका लागि गरिएका भाषेतर सङ्केतहरूको प्रभावका सम्बन्धमा सहभागीका धारणालाई केलाइएको छ । यसबारेमा अवलोकनबाट प्राप्त सूचनाका आधारमा शिक्षकहरूले कक्षामा उपयोग गरेका भाषेतर सङ्केतहरूको अर्थ, शिक्षण सिकाइ कार्यकलापमा तिनको प्रभावबारे अनुभवमा आधारित टिप्पणी गरेका छन् । कक्षा कार्यकलापका क्रममा प्रयोग भएका भाषिक सङ्केतको प्रभावबारे शिक्षकका धारणालाई विषयगत रूपमा यसप्रकार चर्चा गरिन्छ :

***प्रभावकारी भाषिक सम्प्रेषण***

अन्तर्वार्ताका क्रममा शिक्षकहरूसँग भाषेतर सङ्केतको प्रयोग किन गर्नुहुन्छ भन्ने प्रश्न राखिएकोमा सहभागी सबै शिक्षकले भाषिक सम्प्रेषणलाई प्रभावकारी बनाउन गरिएको बताएका छन् । यसबाट मौखिक

बोलीका तुलनामा प्रभावकारी सम्प्रेषण हुने जनाइएको छ । उनीहरूका धारणालाई शब्दचित्रमा यसरी प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शिक | सबै अवस्थामा बोलेर मात्र सम्प्रेषण प्रभावकारी नहुने वा बोल्दा समय लामो लाग्ने भएकाले शारीरिक भावभङ्गीसहितका भाषेतर सङ्केतको प्रयोग गरिँदा सम्प्रेषण अधिक प्रभावकारी हुन्छ । |
| शिख | कक्षामा गरिने जुनकुनै सम्प्रेषणमा बोलीभन्दा सङ्केतको सकारात्मक प्रभाव बढी हुन्छ । |
| शिग | मौखिक बोलीमा मिठास थप्न, सम्प्रेषणलाई प्रभावकारी बनाउन भाषेतर सङ्केत उपयोगी हुन्छन् । |
| शिघ | जति कुशलताका साथ भाषेतर सङ्केतको प्रयोग गरिन्छ त्यति नै अन्तरक्रिया प्रभावकारी हुन्छ । |

सहभागी शिक्षकहरूले मौखिक बोलीभन्दा साङ्केतिक सम्प्रेषण प्रभावकारी भएको अनुभव गरेका छन् । उनीहरूका अनुसार बोलीले मात्र कक्षा निर्देशन, सञ्चालन तथा नियन्त्रण प्रभावकारी बन्न सक्दैनन् । यसका लागि शारीरिक भावभङ्गी अधिक प्रभावकारी हुन्छ । यिनमा बोलीमा मिठास समेत थप्ने सामर्थ्य रहन्छ । कक्षामा गरिने जुनकुनै मौखिक बोलीभन्दा भाषेतर सङ्केतको सकारात्मक प्रभाव अधिक रहने विचार सहभागीहरूको देखिन्छ । यसरी उनीहरूले भाषेतर सङ्केतहरूको कुशल प्रयोगबाट नै अन्तरक्रिया प्रभावकारी हुने दावी गरेका छन् ।

### ***कक्षामा नियन्त्रण, निर्देशन तथा उत्प्रेरणा***

सहभागी शिक्षकहरूलाई भाषेतर सङ्केतको मुख्य कार्य केकस्तो रहन्छ भन्ने प्रश्न गरिएको छ । उनीहरूले भाषेतर सङ्केतका विभिन्न भूमिका रहने कुरा दर्साएका छन् । शिक्षकहरूले भाषा शिक्षण सिकाइका लागि गरिने कक्षा कार्यकलापलाई नियन्त्रण, निर्देशन तथा उत्प्रेरणाका लागि भाषेतर सङ्केतको प्रयोग गरिने धारणा राखेका छन् । यससम्बन्धमा उनीहरूका धारणालाई यसप्रकार प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शिक | हल्लाखल्ला र विषयान्तर हुँदा बोलेर भन्दा बुझ्ने सङ्केतको आवश्यकता रहन्छ । |
| शिख | कक्षामा गरिने निर्देशन, नियन्त्रणमा बोलीभन्दा सङ्केत अधिक प्रभावकारी बन्छ । |
| शिग | हल्ला नगर भनेर हुदैन, आँखा तरेर सबैतिर घुमाउने हो भने कक्षामा अनावश्यक हल्ला रोकिन्छ । |
| शिघ | मुखले भन्दा हात, टाउको लगायतका हाउभावबाट अधिक प्रभावकारी बन्छ । |

शिक्षकहरूले भाषिक सङ्केत कक्षामा नियन्त्रण र निर्देशनका उपयोगी उपाय मानेका छन् । उनीहरूको विचारमा बोलेरभन्दा सङ्केत गरेर सहज रूपमा विद्यार्थीलाई नियन्त्रण र निर्देशन गरिन्छ । यसरी शिक्षकहरूले कक्षालाई सही दिशामा लैजान, कक्षाको वातावरणलाई विषयवस्तुमा केन्द्रित गराउन सङ्केत पूरक र प्रभावकारी उपाय भएको तर्क राखेका छन् ।

### ***कार्यकलापमा निरन्तरता र जोड***

शिक्षकहरूले कक्षामा भाषेतर सङ्केतहरूको प्रयोग कार्यकलापमा निरन्तरताका लागि गरिने विचार राखेका छन् । कक्षामा गराइने कार्यकलाप सञ्चालन, त्यसको रीत परिवर्तन तथा निरन्तरताका लागि यस किसिमको सम्प्रेषण आवश्यक रहेको दर्साएका छन् । यस सम्बन्धमा सहभागी शिक्षकको विचारलाई यसप्रकार प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शिक | कक्षामा गराइरहेको कार्य, सीपमा आधारित अभ्यास गरिराख भनेर मौन सम्प्रेषणका लागि भाषेतर सङ्केत अधिक प्रभावकारी रहन्छन् । |
| शिख | कार्यकलाप गराइरहँदा बोलिरहँदा व्यवधान उत्पन्न हुने सम्भावना अधिक हुन्छ । गर्नु गराउनु पर्ने कुरा गराउँदै निरन्तरता दिन आँखा, हात, मुखमुद्राको प्रयोग प्रभावपूर्ण छ । |
| शिग | साङ्केतिक सम्प्रेषणकै कारण विषयान्तर हुनबाट रोकी अभ्यासमा निरन्तरता दिन सम्भव हुन्छ । |

| | |
|---|---|
| शिघ | अभ्यासात्मक कार्य गराउने क्रममा त्यसमा आउने बाधक पक्षको नियन्त्रणका साथ कार्यमा निरन्तरताका लागि साङ्केतिक सम्प्रेषण उपयोगी हुन्छन् । |

शिक्षकहरूका विचारअनुसार कक्षा कार्यकलापमा निरन्तरता दिन साङ्केतिक अन्तरक्रिया अधिक उपयोगी हुने देखिन्छ । भाषिक सिपमा आधारित अभ्यासका क्रममा शिक्षक बोलिरहँदा, बिचबिचमा यसोउसो गर्ने निर्देशन बोलेर दिइरहँदा गरिरहेको कार्यमा व्यवधान उत्पन्न हुने, त्यही बोली समस्याका रूपमा देखापर्ने हुँदा भाषेतर सङ्केतको प्रयोग उपयुक्त हुन्छ । यसबाट अभ्यासमा बाधा नपर्ने, त्यसमा निरन्तरता दिन सकिने, मौन रहेर पनि उत्प्रेरित गर्न सकिने भएकाले शिक्षकहरूले सङ्केतको सकारात्मक प्रभाव रहने धारणा राखेका छन् ।

***सिकाइमा केन्द्रीकरण***

कक्षाकार्यकलापका क्रममा विद्यार्थीलाई बाह्य र आन्तरिक बाधाहरूबाट बचाएर सिकाइमा केन्द्रित गराउन भाषेतर सङ्केत प्रभावकारी रहने धारणा शिक्षकहरूको रहेको छ । उनीहरूका विचारलाई यसप्रकार प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शिक | सिक्न जाँगर नगर्ने, विषयान्तर हुने विद्यार्थीलाई सिकाइमा केन्द्रित गर्ने मुख्य उपाय विभिन्न सङ्केत नै हुन् । |
| शिख | अरूले थाहा नहुने गरी कुनै एकजना विद्यार्थीलाई वा सबै विद्यार्थीलाई उत्प्रेरणा वा दबाबमा पारेर सिकाइमा केन्द्रित बनाउने उपाय भनेकै भाषेतर सङ्केतहरू हुन् । |
| शिग | अभ्यासका क्रममा विषयान्तर हुने अवस्थालाई रोक्ने प्रभावकारी उपाय सङ्केतकै प्रयोग हो । |
| शिघ | पहिलो पटक मौखिक निर्देशन दिइन्छ त्यसैमा केन्द्रित गरिराख्न बिचबिचमा विभिन्न सङ्केतको प्रयोग गरिरहनु पर्छ । |

सहभागी शिक्षकहरूले सिक्ने जाँगर नगर्ने, विषयान्तर हुने विद्यार्थीलाई नियन्त्रण गरी सिकाइमा केन्द्रित गर्ने प्रभावकारी उपाय भाषेतर सङ्केतहरू भएको बताएका छन् । भाषेतर सङ्केतले सिकाइका लागि उत्प्रेरणा वा दबाव दुवै कार्य गर्न सक्ने धारणा उनीहरूको देखिन्छ । यसरी भाषेतर सङ्केतहरू विद्यार्थीलाई आन्तरिक र बाह्य बाधकबाट हुने नकारात्मक अवस्थालाई नियन्त्रण गर्ने उत्प्रेरकका रूपमा लिइएको छ ।

***आपसी सम्बन्ध निर्माण***

भाषेतर सङ्केतका लागि सहभागीहरूका बिच आपसी सम्बन्धको कारण मानिएको छ । यसका साथै यिनले आपसमा सम्बन्ध कायम गराउने साधनका रूपमा चिनाइएको छ । यससम्बन्धमा सहभागी शिक्षकहरूले प्रस्तुत गरेका धारणालाई यसप्रकार उल्लेख गरिन्छ :

| | |
|---|---|
| शिक | साङ्केतिक अन्तरक्रियाको प्रयोगमा आवेग संवेगजस्ता मानवीय भावना समेत प्रस्तुत हुने भएकाले शिक्षक र विद्यार्थीका बिच आपसी सम्बन्धका लागि यो आवश्यकीय छ । |
| शिख | भाषाले भाव प्रस्तुत गर्छ भने भाषेतर सङ्केतले खुशी, रिस, डर, दुखजस्ता मनोभाव व्यक्त गर्छन् । यसबाट सहभागीहरूका बिच बलियो सम्बन्ध कायम हुन्छ । |
| शिग | भाषेतर सङ्केतहरू सहभागीका बिच सम्बन्ध बनाउने र आपसमा सम्बन्ध भएको खण्डमा मात्र यिनको प्रयोग गरिने दुवै विन्दुमा प्रभावक बनेर देखा पर्छन् । |
| शिघ | भाषेतर संकेतहरू आपसी विश्वास, सम्मान, प्रेरणा र सहयोगको भावनामा आधारित हुने भएकाले यसबाट विचारहरू प्रभावकारी रूपमा अभिव्यक्त हुन्छन् । |

शिक्षकहरूले भाषेतर सङ्केतलाई आवेग संवेगजस्ता मानवीय भावना व्यक्त गर्ने उपायका रूपमा चिनाएका छन् । उनीहरूले आपसी विश्वास, सम्मान, प्रेरणा र सहयोगको भावना निर्माण, विकास र निरन्तरका लागि यिनीहरू प्रभावकारी हुने दाबी गरेका छन् । यसरी शिक्षकहरूले भाषेतर सङ्केतहरू आपसमा सम्बन्ध

हुँदा सम्प्रेष्य हुने, यिनको निरन्तर प्रयोगले सहभागीका बिच भावनात्मक सम्बन्ध निर्माण हुँदै जाने दुवै कोणबाट प्रभावकारी मानेका छन् ।

***सकारात्मक वातावरण निर्माण***

अन्तर्वार्ताका क्रममा सहभागी शिक्षकहरूले साङ्केतिक सम्प्रेषणबाट कक्षा कार्यकलापमा नियन्त्रण, सहजता, कार्यकलापमा निरन्तरता, सिकाइमा एकाग्रता हुनेजस्ता सकारात्मक वातावरण निर्माण हुने धारणा राखेका छन् । यस सम्बन्धमा शिक्षकहरूका धारणालाई शब्दचित्रमा यसरी प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| शि<sub>क</sub> | भाषेतर सङ्केतको प्रयोगले विद्यार्थीहरू सहज महसुस गर्छन् र डरबिना प्रश्न गर्न, छलफलमा सहभागी हुने हिम्मत गर्ने भएकाले कक्षामा सकारात्मक वातावरण निर्माण गर्छन् । |
| शि<sub>ख</sub> | शिक्षक र विद्यार्थीबिच प्रभावकारी सञ्चार हुने, कक्षामा सहज र आपसी सम्बन्धयुक्त हुने भएकाले कक्षामा सिकाइ वातावरण निर्माण हुन्छ । |
| शि<sub>ग</sub> | आपसी सम्बन्ध कायम हुने, दूरी घट्ने, विद्यार्थीलाई नियन्त्रण, निर्देशन र परिचालन गर्न सकिने भएकाले भाषेतर सङ्केत सिकाइका वातावरण निर्माण गर्ने आधार बन्दछन् । |
| शि<sub>घ</sub> | विद्यार्थीमा आत्मविश्वास, विश्वास, र कक्षाको वातावरणप्रति सकारात्मक दृष्टिकोण विकसित गराउने उपायका रूपमा भाषेतर सङ्केतले भूमिका खेल्छन् । |

शिक्षकहरूले आपसमा विश्वास, सम्बन्ध निर्माण गर्ने आधारका रूपमा भाषेतर सङ्केत रहने धारणा राखेका छन् । उनीहरूले भाषेतर सङ्केतमा आवेग, संवेगजस्ता भावाभिव्यक्ति हुने भएकाले भाषा सिकाइमा यिनको सकारात्मक प्रभाव पर्ने दावी गरेका छन् । यसबाट विद्यार्थीको मनोवैज्ञानिक र कक्षाकोठाको भौतिक वातावरणलाई सकारात्मक प्रभाव पर्ने जनाइएको छ ।

***संस्कृति र सन्देशको आदानप्रदान***

शिक्षकहरूले भाषेतर सङ्केत सहभागीका सांस्कृतिक पक्षसँग जोडिएका हुने बताएका छन् । यिनले भाषाले गर्न नसक्ने कतिपय सम्प्रेषण गर्न सक्छन् । यिनमा संस्कृतिको सञ्चरण हुन्छ । कक्षामा गरिने भाषेतर सङ्केतको प्रयोगबाट संस्कृति र सन्देशको प्रभावकारी सम्प्रेषण हुने विषयमा शिक्षकका धारणा यसप्रकार रहेका छन् :

| | |
|---|---|
| शि<sub>क</sub> | झुक्नु, मुस्कुराउनु, आँखाका विभिन्न अवस्था र आकार लगायत शरीरका विभिन्न चालहरूमा सम्बन्धित समाजको संस्कृति सापेक्ष हुने भएकाले भाषेतर सङ्केत कक्षामा प्रभावकारी हुन्छन् । |
| शि<sub>ख</sub> | भाषेतर सङ्केतबाट मौखिक बोलीभन्दा अधिक सम्प्रेषण र सांस्कृतिक मूल्य पनि प्रस्तुत हुन्छन् । |
| शि<sub>ग</sub> | साङ्केतिक सम्प्रेषणको प्रयोग गर्न चाहनेले सामाजिक सांस्कृतिक चालचलन र अर्थहरू बुझ्न आवश्यक रहन्छ । |
| शि<sub>घ</sub> | अव्यक्त भावना र सामाजिक मूल्य बुझाउने अर्थहरूका लागि साङ्केतिक सम्प्रेषण प्रभावकारी हुन्छन् । |

सहभागी शिक्षकहरूले भाषेतर सङ्केतमा सांस्कृतिक मान्यताहरू समेत रहने धारणा राखेका छन् । यसबाट बोलीका आधारमा प्रस्तुत गर्न नसकिने भाषिक कार्यहरू पनि सम्पन्न गर्न सकिन्छ । सांस्कृतिक मूल्यसँग व्यावहारिक रूपमा जोडेर अन्तरक्रिया गर्ने प्रभावकारी आधारका रूपमा भाषेतर सङ्केतलाई चिनाइएको छ । यसरी शिक्षकहरूबाट शारीरिक चालबाट व्यक्त अर्थको निर्धारक सामाजिक परिवेश हुने भएकाले भाषा सिकाइमा भाषेतर सङ्केतको सकारात्मक प्रभाव रहने कुरा दर्साइएको छ ।

कक्षाकार्यकलापको अवलोकनका आधारमा गरिएका प्रश्नमा प्राप्त शिक्षकका धारणालाई केलाउँदा कक्षामा गरिएको भाषेतर सङ्केतको प्रभाव सकारात्मक रहेको पाइएको छ । शिक्षकहरूले भाषेतर सङ्केतलाई

बहुउपयोगी पक्षका रूपमा चिनाएका छन् । कक्षाकोठामा शिक्षण सिकाइका लागि बाह्य र आन्तरिक दुवै प्रकृतिको वातावरण निर्माणका लागि यिनको भूमिका उच्च महत्वको रहेको दावी गरिएको छ ।

## छलफल र प्राप्ति

नेपाली भाषा शिक्षण सिकाइका क्रममा शिक्षक र विद्यार्थीबाट विभिन्न प्रकृतिका भाषेतर सङ्केतको प्रयोग भएको छ । यसका लागि हातको प्रयोग मुख्य छ भने आँखा, मुख लगायतका शरीरका विभिन्न अङ्गको प्रयोग पनि भएको छ । अधिकांश भाषेतर सङ्केत हात र पाखुरासँग सम्बन्धित रहनाका साथै यिनीहरू शरीरका अन्य भागको सञ्चालनसँग समन्वयात्मक रूपमा प्रस्तुत हुन्छन् (चर्च र अन्य, सन् २०२४) भन्ने निष्कर्षसँग यो नतिजा समान रहेको छ । यो नतिजा डाइ र लि (सन् २०२१) को सबैभन्दा बढी प्रयोग हुने हातको इशारा ५० प्रतिशतभन्दा अधिक मात्रामा उपयोगमा ल्याइन्छ भन्ने धारणासँग समान रहेको छ । कक्षा कार्यकलापलाई भाषेतर सङ्केतले सम्प्रेषणलाई थप विशिष्ट र प्रभावकारी बनाएका छन् । यिनले विद्यार्थीलाई विशेष वस्तु वा विषयप्रति ध्यान केन्द्रित गर्न भूमिका (चर्च र अन्य, सन् २०२४) खेलेका छन् । मेहराबियन (सन् १९७२) ले प्रस्तुत गरेको व्यक्तिका सात प्रतिशत अनुभूति र धारणा मौखिक भाषाबाट र बाँकी ९३ प्रतिशत भाषेतर सङ्केतबाट प्रस्तुत हुन्छन् भन्ने दावी यस अध्ययनको नतिजासँग मेल खाएको छ । भाषेतर सङ्केतका आधारमा शिक्षकहरूले निर्देशन, नियन्त्रण, उत्प्रेरणाका लागि र विद्यार्थीहरूले यिनका माध्यमबाट भावना, ध्यान, उत्साह वा असन्तुष्टि व्यक्त गरेका छन् । भाषेतर सङ्केतबाट कथनको आशय बोध गर्न पूरक भूमिका (कुसाङ्गी, सन् २००५) भएको छ । यसरी भाषेतर सङ्केतको प्रयोग पूरक सम्प्रेषणका लागि भएको देखिन्छ ।

भाषेतर सङ्केतले सिकाइका लागि सकारात्मक भूमिका खेलेका छन् । तिनलाई कार्यका आधारमा विद्यार्थीको ध्यान खिच्नका, व्याख्या र प्रस्ट्याउन, प्रतिक्रिया जनाउन, अनुशासन र नियन्त्रण गर्न र भावनात्मक सम्बन्ध विकास गर्नका लागि गरी विभिन्न प्रकारमा बाँड्न उचित देखिन्छ । भाषेतर सङ्केतबाट सम्प्रेषणका साझा मापदण्ड निर्माण गरेर (अलिबाली र अन्य, सन् २०१९), अभिव्यक्तिमा विशिष्ट विचारहरूलाई जोडेर ( अलिबाली र अन्य, सन् २०१४) र अमूर्त धारणालाई समावेश गरेर (पारिल र स्टेक, सन् २०१७) सिकाइका लागि महत्वपूर्ण आधार तयार गरेका छन् । विद्यार्थीहरूको सिकाइ अवस्थालाई बुझ्न सहयोग पुऱ्याउने भएकाले यिनलाई शिक्षण सिकाइका महत्वपूर्ण सुराख (क्लु) मान्न सकिन्छ । । भाषा शिक्षण सिकाइका लागि यिनको भूमिका अर्थपूर्ण र सहयोगी (अफदालिया, सन् २०२२) रहेको छ । यिनको सहायताबाट सहभागीले एक-अर्काको भावना बुझेका छन् । यसमा उनीहरूको आपसी सम्बन्ध, सङ्केत प्रयोग गर्ने कौशलता झल्किएको छ । संस्कृतिले भाषेतर सङ्केतको सहजता, निकटता र उपलब्धताको निर्धारण गरी सम्प्रेषणमा भूमिका (बर्गुन, मानुसोभ र ग्युरेरो, सन् २०२१) रहेको छ । यसरी भाषेतर सङ्केतले सम्प्रेषणात्मक, सामाजिक, शैक्षणिक कार्य गरेका छन् ।

कक्षामा प्रयोग गरिएका भाषेतर सङ्केतको प्रयोग, प्रकृति, कार्य, उद्देश्य लगायतका विषयमा शिक्षकहरूले धारणा राखेका छन् । उनीहरूबाट कक्षा कार्यकलापको सञ्चालनदेखि सिकाइको वातावरण निर्माणका लागि भाषेतर सङ्केत उपयोगी मानिएको छ । मौखिक बोलीबाहेक अनुहारको भाव, शरीरको चाल, आँखाको सम्पर्क, आवाजको उच्चनिम्नता, भावनात्मक सम्बन्धको उचित उपयोगले शिक्षकहरूलाई विद्यार्थीको सिकाइ परिणामहरू राम्रोसँग बुझ्न मदत गरेका (बङ्लोवाला र बङ्लोवाला, सन् २०१५) छन् । यिनले विद्यार्थीलाई छलफलको विषय तथा पाठलाई बुझ्न सहज (कुसाङ्की, सन् २००५) बनाएका छन् । भाषेतर सङ्केतबाट कक्षा कार्यकलापमा भाषिक सम्प्रेषण प्रभावकारी, संस्कृति र सन्देशको आदानप्रदान हुने, सहभागीका मानसिक भावको प्रतिबिम्बन हुने विद्यार्थीको भाषा सिकाइका महत्वपूर्ण आधार (कुहल र अन्य, सन् २००३; फरिना सन् २०२१) का रूपमा रहेका छन् । कक्षामा प्रयोग गरिएका सबै भाषेतर सङ्केतसँग सम्प्रेषणको मूल्य (बर्गुन, मानुसोभ र ग्युरेरो, सन् २०२१) हुनुपर्नेमा कतिपय सङ्केत अर्थहीन देखिन्छन् । यस

किसिमका भाषेतर सङ्केतलाई विद्यार्थीको सिकाइ प्रक्रियाका लागि बाधक (महम्मद, सन् २०१४) मान्न सकिन्छ । शिक्षकबाट गरिने सम्पूर्ण भाषेतर सङ्केत सिकाइका लागि उपयोगी नहुने (बेइलक र गोल्डिन-मेडो, सन् २०१०) भाषिक चरित्र उचित मान्न सकिँदैन । अधिकांश भाषेतर सङ्केत भने अर्थपूर्ण रहेका छन् । यिनका आधारमा कक्षा कार्यकलापलाई निर्देशन तथा उत्प्रेरणा दिई तिनमा निरन्तरता दिन सम्भव भएको छ । यिनका आधारमा सिकाइका कार्यमा जोड दिई थप अभ्यासका लागि अवसर प्रदान गरिएको छ । कक्षालाई सकारात्मक रूपमा नियन्त्रण गर्न सम्भव भई सिकाइ वातावरण निर्माण गरिएको छ । यसका आधारमा सहभागीहरूका बिच आपसी सम्बन्ध भई विद्यार्थीलाई सिकाइमा केन्द्रीकरण गर्न सकिएको छ । यस किसिमका सकारात्मक प्रभाव रहेको कुरा सहभागी शिक्षकहरूबाट औँल्याइएको छ ।

## निष्कर्ष

भाषा शिक्षण सिकाइका क्रममा मौखिक भाषाका साथै अमौखिक हाउभाउको उपयोग गरिन्छ । भाषेतर सङ्केत भनिने यस्ता अमौखिक कार्यबाट शिक्षक विद्यार्थीका बिच आपसमा विचारको सम्प्रेषण भई कार्यकलाप सञ्चालनमा सहयोग पुग्दछ । सामाजिक, सांस्कृतिक र वैयक्तिक रूपमा देखापर्ने यस किसिमका भाषेतर कार्य र तिनको प्रभावको विश्लेषण यहाँ गरिएको छ । यस किसिमका सङ्केतहरू मौखिक भाषालाई नै सहयोग पुऱ्याउने गरी, मौखिक भाषाको विकल्पमा र आनीबानीका रूपमा मात्र प्रस्तुत हुने अर्थहीन गरी मुख्य तीन प्रकारका रहेका छन् । कक्षा कार्यकलाप सञ्चालनमा अर्थहीन सङ्केतबाहेक अन्य सबै भाषेतर सङ्केतको सकारात्मक प्रभाव रहेको छ । कक्षा व्यवस्थित बनाउन आँखाको प्रयोग, कुनै कुरामा सहमति दिन वा असहमति जनाउन टाउकाको इसारा, कुनै खास विद्यार्थीलाई सक्रिय बनाउन औँलाको प्रयोगजस्ता भाषेतर सङ्केतको प्रयोग प्रभावकारी बनेका छन् । अर्थहीन सङ्केतले कतिपय अवस्थामा विद्यार्थीलाई झुक्याउने भएकाले तिनको प्रयोग नकारात्मक देखिएको छ । यस किसिमका अर्थहीन र द्व्यर्थक सङ्केतहरूको प्रयोग गर्न उचित हुँदैन । भाषेतर सङ्केतको प्रयोग स्पष्ट, उद्देश्यपूर्ण हुन आवश्यक छ । भाषा सिकाइमा प्रयोग गरिने सङ्केतको सकारात्मक प्रभावका लागि कक्षाको वातावरण सन्तुलित हुनुपर्छ भने भाषेतर सङ्केत नै कक्षा वातावरण निर्माणका आधार बन्ने देखिन्छ । व्यक्तिका आवेग, संवेग लगायतका मनोभावना, सामाजिक सांस्कृतिक मान्यताहरू समेतको उपस्थिति र स्वीकृति रहने भाषेतर सङ्केतको आवश्यकीय प्रयोग भाषा सिकाइका लागि अधिक औचित्यपूर्ण रहेका छन् । यसरी नेपाली भाषा शिक्षण सिकाइमा भाषेतर सङ्केतका सकारात्मक प्रभाव रहेकाले यिनको व्यवस्थित रूपमा उपयोग गर्न आवश्यक देखिन्छ ।

## सन्दर्भसामग्री

Adler, R. B., & Rodman, G. (2006). *Understanding human communication*. Oxford University Press.

Afdaliah, N. (2022). Teachers' gestures in EFL classroom. *Al-Lisan: Jurnal Bahasa (e-Journal)*, *7*(2), 182-197.

Alibali, M. W., & Nathan, M. J. (2012). Embodiment in mathematics teaching and learning: evidence from learners' and teachers' gestures. *J. Learn. Sci. 21*, 247–286. https://doi.org/10.1080/10508406.2011.611446

Alibali, M. W., Nathan, M. J., Church, R. B., Wolfgram, M. S., Kim, S., & Knuth, E. J. (2013). Teachers' gestures and speech in mathematics lessons: Forging common ground by resolving trouble spots. *ZDM, 45*(3), 425–440.

Alibali, M.W., Nathan, M.J., Boncoddo, R., & Pier, E. (2019). Managing common ground in the classroom: teachers use gestures to support students' contributions to classroom

Afdaliah, N. (2022). Teachers' gestures in EFL classroom. *Al-Lisan: Jurnal Bahasa (e-Journal)*, *7*(2), 182–197. https://journal.iaingorontalo.ac.id/index.php/al

Arzarello, F., Paola, D., Robutti, O., & Sabena, C. (2009). Gestures as semiotic resources in the mathematics classroom. *Educ. Stud. Math., 70*, 97–109.

Beilock, S. L., & Goldin-Meadow, S. (2010). Gesture changes thought by grounding it in action. *Psychological Science*, *21*(11), 1605-1610. https://doi.org/10.1177/0956797610385353

Blumer H (1969). *Symbolic interactionism: Perspective and method.* University of California Press.

Bunglowala, A., & Bunglowala, A. (2015). Nonverbal communication: An integral part of teaching learning process. *International Journal of Research in Advent Technology*, *1*(1), 371-375.

Burgoon, J. K., Manusov, V., & Guerrero, L. K. (2021). *Nonverbal communication*. Routledge.

Calero, H. H. (2005). *The power of nonverbal communication: How you act is more important than what you say*. Silver Lake Publisher.

Church, R. B., Kelly, S. D., & Lynch, K. (2000). Immediate memory for mismatched speech and representa tional gesture across development. *Journal of Nonverbal Behavior, 24*, 151–174. https://doi.org/10.1023/A: 1006610013873

Church, R. B., Perry,M.,Singer, M. A., Cook, S. W., & Alibali, M. W. (2024). Teachers' gestures and how they matter. *Topics in cognitive science, 1–24.* https://10.1111/tops.12755

Cook, S. W., & Tanenhaus, M. K. (2009). Embodied communication: Speakers' gestures affect listeners' actions. *Cognition, 113*(1), 98–104. https://doi.org/10.1016/j.cognition.2009.06.006

Cook, S. W., Yip, T. K., & Goldin-Meadow, S. (2012). Gestures, but not meaningless movements, lighten working memory load when explaining math. *Language and Cognitive Processes, 27*(4), 594–610. https://doi.org/10.1080/01690965.2011.567074

Dai, W., & Li, Y. (2021, August). Investing the effects of teachers' gestures in class. In *2021 International Conference on Modern Educational Technology and Social Sciences (ICMETSS 2021)* (pp. 222-226). Atlantis Press.

Farina, M. (2021). Embodied cognition: dimensions, domains and applications. *Adaptive Behavior*, *29*(1), 73-88. https://doi.org/10.1177/1059712320912963

Goldin-Meadow, S. (2003). *Hearing gesture: How our hands help us think.* Harvard University Press. https://doi.org/10.1037/e413812005-377

Hostetter, A. B., Bieda, K., Alibali, M. W., Nathan, M. J., & Knuth, E. J. (2006). Don't just tell them, show them! Teachers can intentionally alter their instructional gestures. In *Proceedings of the 28th Annual conference of the cognitive science society* (pp. 1523-1528). Mahwah, NJ: Erlbaum.

Kendon, A. (2004). *Gesture: Visible action as utterance.* Cambridge University Press.

Kuhl, P. K., Tsao, F. M., & Liu, H. M. (2003). Foreign-language experience in infancy: Effects of short-term exposure and social interaction on phonetic learning. *Proceedings of the National Academy of Sciences*, *100*(15), 9096-9101. https://doi.org/10.1073/pnas.1532872100

Kusanagi, Y. (2005). *Analysis of research on nonverbal communication in language education.* In C. I. K. Bradford-Watts, & M. Swanson (Ed.), JALT2004 Conference Proceedings. JALT.

Mahmud, M. (2014). Non-verbal communication in the classroom: Students' Perspectives. *Journal of Language and Literature, 5*(3), 352-357. https://doi.org/10.7813/jll.2014/5-3/60

Mehrabian, A. (1972). *Nonverbal communication*. Aldin Atherton.

Miller, C. (2020). Types of nonverbal communication. *Exploring Communication in the Real World*. https://cod.pressbooks.pub/communication/chapter/4-2-types-of-nonverbal-communication/

Negi, J. S. (2009). The role of teachers' non-verbal communication in ELT classroom. *Journal of NELTA, 14*(1–2), 101-110. https://doi.org/10.3126/nelta.v14i1.3096

Parrill, F., & Stec, K. (2017). Gestures of the abstract: do speakers use space consistently and contrastively when gesturing about abstract concepts? Pragmat. *Cogn. 24*, 33–61. https://doi.org/10.1075/pc.17006.par

Pozzer-Ardenghi, L., & Roth, W.-M. (2008). Catchments, growth points, and the iterability of signs in classroom communication. *Semiotica.105*. https://doi: 10.1515/ SEMI.2008.105

Witt, P. L., & Wheeless, L. R. (1999). Nonverbal communication expectancies about teacher and environment behaviour in distance learning. *Communication Education, 48*(2), 149–154.

**लेखक**

**डा. लक्ष्मीप्रसाद आचार्य** मध्यपश्चिम विश्वविद्यालय, नेपाली शिक्षा केन्द्रीय विभागमा उपप्राध्यापक हुनुहुन्छ । उहाँले शिक्षाशास्त्र सङ्काय महेन्द्ररत्न क्याम्पस ताहाचल त्रि.वि. र मानविकी सङ्काय महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज त्रि.वि.बाट स्नातकोत्तर, नेपाल खुला विश्वविद्यालय ललितपुरबाट दर्शनाचार्य र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायबाट विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । उहाँको अध्ययनको रुचि क्षेत्र पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन, शिक्षक र विद्यार्थी शिक्षण सिकाइसम्बद्ध रहेको छ ।